का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ फागुन २०७९,
शनिबार
18 February 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न्

वर्ष २१, अंक २४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



*महाशिवरात्रिको पूर्व सन्ध्यामा काठमाडौंस्थित पशुपतिनाथ मन्दिर परिसरमा शुक्रबार भक्तजन तथा साधुहरु । तस्बिर: किरणराज बिष्ट, रासस*

## भित्र खटपट, बाहिर आश्वासन

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तारुढ गठबन्धन कायमै रहने आश्वासन दिदै चाँडै राष्ट्पतिबारे सहमति जुट्ने बताएका छन् । तर प्रमुख सत्ता साझेदार दल नेकपा एमालेसँग खटपट बढेको भने सार्वजनिक अभिव्यक्तिहरुबाट लुकेको छैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार पत्रकारहरुसँग सत्ता गठबन्धन छुट्ने र भत्कने कुनै कुरा नभएको बताएका छन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटबाट बाहिरिने क्रममा प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिबारे टुंगो लाग्ने समेत बताए ।

प्रमुख सत्तारुढ दल एमालेका अध्यक्ष ओलीसँग प्रधानमन्त्री प्रचण्डले शुक्रबार झण्डै दुई घण्टा लामो छलफल गरेका थिए । यो छलफललाई चासोका साथ हेरिएको छ । किनकि सत्तारुढ गठबन्धनबीच खटपट बढेर गएको छ ।

प्रधानमन्त्री प्रचण्डले भनेजस्तै राष्ट्रपति पदको उम्मेद्वार नै सत्ता गठबन्धनको सकसको विषय बनेको छ ।



एमालेले गत १० पुसमा जुटेको सहमति बमोजिम राष्ट्रपति आफैले पाउनुपर्ने अडान लिइरहेको छ । अध्यक्ष ओलीले संसद् बैठकबाटै राष्ट्रपति पदलाई लिएर नेपाली कांग्रेसले सत्ता गठबन्धन तोड्न चाहेको, तर सम्भव नरहेको बताएका थिए । अध्यक्ष ओलीजस्तै अरु नेताहरुले पनि राष्ट्रपति पदमा भएको सहमति बमोजिम अगाडि बढ्नुपर्ने बताइरहेका छन् ।

तर प्रधानमन्त्री प्रचण्ड र नेकपा माओवादी केन्द्रले भने राष्ट्रपति पदमा राष्ट्रिय सहमति जुटाउनुपर्ने निर्णय लिएको छ । स्थायी कमिटी बैठकबाटै राष्ट्रपतिमा सहमति खोज्न पहल गर्ने निर्णय गरेको छ । माओवादी केन्द्रको यस्तो निर्णयले एमाले नेतृत्व भने झस्किएको छ ।

एमाले झस्कनुको पछाडि माओवादी र कांग्रेसको निर्णयमा एक रुपता देखिनु हो । कांग्रेसले पनि पदाधिकारी बैठकबाटै राष्ट्रपति आफ्नो पार्टीले पाउनुपर्ने निर्णय गराएको छ । त्यसको जिम्मेवारी सभापति शेरबहादुर देउवालाई दिएको छ । कांग्रेस र माओवादीको निर्णयको असर सत्ता गठबन्धनमा परेको घटनाक्रमबाट समेत पुष्टि हुन्छ । ओली र प्रचण्डबीच लगातार 'वान अन वान' भेटवार्ता भइरहेको छ ।

ओलीले राष्ट्रपति आफ्नो पार्टीले पाउनुपर्ने अडान छोडेका छैनन् । तर प्रधानमन्त्री प्रचण्डले भने कांग्रेसले आफूलाई विश्वासको मत दिएकाले राष्ट्रपतिमा सहमति भनिरहेका छन् । प्रचण्ड र ओलीको अडानका कारण – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## यूएईको बाइक राइडर : व्यवसायीको गलपासो बन्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

बाइक राइडरको रोजगारीमा ६ महिनाअघि यूएई गएका कैलालीका हिक्मत पाण्डे तोकिएअनुसारको काम र तलब नपाएको भन्दै परिवारमार्फत वैदेशिक रोजगार विभागमा उद्धारको निवेदन दर्ता गराएर स्वदेश फर्के । उनी फर्केको केही दिनपछि तनहुँ आबुँखैरेनीका नुर केसी पनि परिवारमार्फत सोही प्रकृतिको उजुरी विभागमा दर्ता गराएर आफूलाई पठाउने म्यानपावर कम्पनीबाट जहाज टिकट मगाएर स्वदेश फर्किए ।

यूएईमा बाइक राइडरको काम गर्दा केही कमाएको र आफूलाई स्वदेश फर्काए म्यानपावर कम्पनीविरूद्ध थप केही दाबी नगर्ने पाण्डेको शुरूको भनाइ थियो । तर म्यानपावर कम्पनीले भिसा रद्द गर्ने जरिवाना र जहाज टिकट पठाएर स्वदेश फर्काएका केसी नेपाल आएपछि घर नै नगई कानुन मन्त्रालयका एक उपसचिवको सल्लाहमा क्षतिपूर्तिको मागसहित म्यानपावर कम्पनीविरूद्ध निवेदन दर्ता गराउन बुद्धनगरस्थित वैदेशिक रोजगार विभाग गए । तर केसी वास्तविकरूपमा पीडित थिएनन् ।

मालिकको अण्डरमा बस्न नपर्ने र मासिक ४५ सय दिरामसम्म कमाइ हुने सुनेका उनी लाइसेन्स र यूएईको सवारी चालक अनुमतिपत्र नभए पनि उक्त मुलुक गएका थिए । त्यहाँ पुगेपछि उनले बाइकको लाइसेन्स त पाए, तर नेपालमा साथीभाइबाट सुनेजस्तो आकर्षक कमाइ गर्न सकेनन् । पाण्डे भने यूएईको लाइसेन्स हात पारेपछि यूएई रोजगारीबाट जसरी पनि फर्किएर युरोप जान चाहन्थे । विभिन्न बहाना बनाएर म्यानपावर कम्पनीलाई हतियार बनाएर उनी स्वदेश फर्किन सफल भए ।

पछिल्ला दिनमा केसी र पाण्डे जस्ता कामदारले परिवार आफन्त प्रयोग गरी यूएईको बाइक राइडरको रोजगारीमा भने अनुसारको तलब नपाएको भन्दै जसरी पनि नेपाल फर्काइदिन विभागमा उजुरी हाल्ने गरेका छन् । त्यसका लागि उनीहरूले सांसद् र मन्त्री प्रयोग गरेर दबाब दिने गरेका छन् ।

व्यवसायी तथा कामदारका समस्या समाधानका लागि विभागमा खटिएका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कर्ण कटुवाल कमाउन नसक्ने र नेपाल फर्केपछि युरोप पठाइदिने नेपाली गिरोहको आश्वासन सुनेपछि परिवारका सदस्य, नेता वा मन्त्रीको फेरो समाएर विभागमा उजुरी दर्ता गराउने र फिर्ताका लागि वैदेशिक रोजगार ऐनको कडा कानुन प्रावधान समाएर म्यानपावर कम्पनीलाई अनुचित दबाब दिने क्रम बढेको बताउँछन् । उनले भने, 'विभागले पनि वास्तविकता बुझ्न छोडेर कामदारले समस्या नपरी उजुरी गर्दैन, विदेशमा अलपत्र पर्न दिनु हुँदैन भन्दै नरम दृष्टिकोण राख्दा यूएईबाट बहानाबाजी गरेर फर्किने कामदारको संख्या ह्वात्तै बढेको छ ।'

व्यवसायी चन्द्रप्रसाद राई नेपाली कामदार बाइक राइडरको कामका लागि योग्य नहुँदा समस्यामा पर्ने गरेको बताउँछन् । केही महिनाअघि ठूलो संख्या बाइक राइडर फर्काएका उनले आर्थिक क्षतिसहित ठूलो मानसिक तनाव व्यहोर्नु परेको बताए । मोबाइल एप्लिकेसन राम्रोसँग चलाएर पुग्नुपर्ने ठाउँमा तोकिएको समयमा सामान पुर्‍याई 'डेलिभरी' दिन सक्नेले तलब मात्रै नभएर टिप्समार्फत राम्रो कमाइ गर्न सक्ने, तर लोकेसन बुझ्न नसक्नेले समस्या झेल्नुपर्ने अवस्था रहेको राईले बताए ।

उनले भने, 'यूएईमा ट्राफिक नियम कडा छ, तोकिएको लोकेसन छाडेर एक स्टेपमात्रै अघि गए फर्किन ४-५ किलोमिटर घुम्नुपर्छ, फर्किंदा बाइकको पट्रोल सकिन्छ, तोकिएको समयमा सामान नपाएपछि अर्डर गर्नेले सामान पनि – बाँकी पृष्ठ २ मा

## खस्कँदै सुशासन

आर्थिक वर्ष ०७५/७६ मा विधिको शासन सूचकांक ०.५४ थियो भने ०७७/७८ र ०७८/७९ मा क्रमश: ०.४६ र ०.२७ मा झरेको छ । तर, ०८०/८१ मा ०.५८ पुर्‍याउने सरकारले लक्ष्य राखेको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ फागुन ।




नेपालका सबै राजनीतिक दलको घोषणापत्र हेर्ने हो भने हरेक दलले सुशासन र विकासका एजेण्डा राख्न छोडेका छैनन् । शीर्षस्थ नेतादेखि उच्चपदस्थ जिम्मेवारीमा रहने हरेकले भाषण र अभिव्यक्तिमा पनि सुशासन र परिवर्तनको नारा दिइरहेकै छन् । तर, पछिल्ला दिनमा शासकीय र प्रशासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण हुननसक्दा सुशासनको सूचक खतराको बिन्दुमा देखिएको हो । केही दिनअघि सार्वजनिक भएको नेपालको १५औं आवधिक योजना (०७६/७७-०८०/८१)को मध्यावधि समीक्षा प्रतिवेदनले पछिल्ला तीन वर्षयता शासकीय सुधार हुन नसकेको देखिएको हो ।

आर्थिक वर्ष ०७५/७६ मा विधिको शासन सूचकांक ०.५४ थियो भने ०७७/७८ र ०७८/७९ मा क्रमश: ०.४६ र ०.२७ मा झरेको छ । तर, ०८०/८१ मा ०.५८ पुर्‍याउने सरकारले लक्ष्य राखेको छ । त्यस्तै, प्रशासकीय सुशासनको मापकलाई माइनस ०.१३ बाट बढाएर १ पुर्‍याउने लक्ष्य राखिएपनि हालसम्म प्रगतिको अवस्था नै नभएको तथ्यांकले देखाएको छ । भ्रष्टाचार न्यूनीकरण सूचकांक ३४ बाट ४१ पुर्‍याउने लक्ष्य राखिए पनि ०७८/७९ मा ३६ मा मात्रै पुगेको अवस्था छ ।

'राज्य सत्तामा असक्षम अयोग्य तथा आपराधिक मानसिकता, संकुचित सोंच र स्वार्थी व्यक्तिहरु राज्यका महत्वपूर्ण निकायमा हुनाले नातावाद कृपावाद मौलाउँदै गएको छ । साथै भ्रष्टाचार नियन्त्रणका लागि गठित संस्थाहरु, न्यायालय तथा प्रशासनहरुमा राजनीतिक नियुक्तिले गर्दा राजनैतिक तथा प्रशासनिक प्रतिबद्दतामा विचलन आएको छ, तसर्थ सुशासनको अवस्था झनै खँसकिएको हो,' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले जनप्रतिनिधिहरु र कर्मचारीहरु जनमुखी तथा राष्ट्र र समाजप्रति वफादार नभई अधिकारको दुरुपयोग गर्नेतर्फ अग्रसर हुँदा सुशासनको अवस्था झनै खस्किएको प्रष्ट बनाएका हुन् । सरकारको आवधिक योजनाले भ्रष्टाचार निवारण अन्तर्गत 'भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी मर्यादित एवम् स्वच्छ समाज निर्माण गर्ने' लक्ष्य लिएको छ । तरपनि, भ्रष्टाचार नीतिगत रुपमा हुने भ्रष्टाचार, अनियमितता र दण्डहीनतामा भने कमी आउनै सकेको छैन ।



*भ्रष्टाचार नियन्त्रणका लागि गठित संस्थाहरु, न्यायालय तथा प्रशासनहरुमा राजनीतिक नियुक्तिले गर्दा राजनैतिक तथा प्रशासनिक प्रतिबद्दतामा विचलन आएको छ, तसर्थ सुशासनको अवस्था झनै खँसकिएको हो ।*

**डा. राजेश अहिराज**
**राजनीतिक विश्लेषक**

त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विभागले गरेको समीक्षाले पनि देशमा सुशासन कायम र भ्रष्टाचार न्यूनीकरणको अवस्था सुधारोन्मुख नभएको औंल्याएको छ । विकास निर्माणप्रति प्रतिबद्द एवम् थप उत्प्रेरणायुक्त कर्मचारीतन्त्रको अभाव हुनु, संघ र प्रदेशले आफू अनुकूल संरचना स्थापना गर्नु, सेवा-प्रवाह र विकास व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजबीचको सहकार्य नहुनु र सम्पूर्ण प्रशासकलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाउन नसक्दा अवस्था झनै गम्भीर भएको विभागको निष्कर्ष छ ।

## बोलीमा सीमित एकता

नाउपा र जनमत पार्टीले कार्यगत एकताका लागि पुस २४ गते भएको १२ बुँदे सम्झौताको १ नम्बर बुँदामा नै लेखिएको छ, 'टिकापुर घटनाका राजबन्दीहरुलगायत माननीय रेशम चौधरीको रिहाइको पहल दुवै पक्षबीच सम्झौता भएकै दिनबाट शुरु गर्ने ।' तर नाउपा रेशम चौधरी रिहाको सर्त राखी सरकारको विरोध गरिरहँदा जनमत पार्टीले भने आफ्नो धारणा बाहिर ल्याएको छैन ।



**शिवराज परियार/ मध्यान्ह**
काठमाडौं, ५ फागुन ।

सिके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संस्थापक रहेको रन्जिता श्रेष्ठ नेतृत्वको नागरिक नागरिक उन्मुक्ति पार्टी (नाउपा)बीच कार्यगत एकता भएको डेढ महिनाभन्दा बढी भयो । दुई पार्टीले कार्यगत एकता गर्ने निर्णय लिए तर, त्यसपछि एउटा पनि औपचारिक छलफल राखेका छैनन् ।

जनमत पार्टी केन्द्रदेखि प्रदेशको सरकारमा सहभागी हुँदा नागरिक उन्मुक्ति पार्टी सरकारभन्दा बाहिर छ । रेशम चौधरी र अरुण चौधरीको रिहाको माग गर्दै उन्मुक्ति पार्टी सरकारमा सहभागी छैन । यस विषयमा नागरिक उन्मुक्ति पार्टीले संसदमा निरन्तर आवाज उठाइरहेको छ । तर कार्यगत एकता गर्ने सहमति गरेको जनमत पार्टीले रेशम चौधरी र अरुण चौधरीको रिहाइको विषयमा केही केही बोलेको छैन ।

यी दुई पार्टीले कार्यगत एकताका लागि पुस २४ गते भएको १२ बुँदे सम्झौताको १ नम्बर बुँदामा नै लेखिएको छ, 'टिकापुर घटनाका राजबन्दीहरुलगायत माननीय रेशम चौधरीको रिहाइको पहल दुवै पक्षबीच सम्झौता भएकै दिनबाट सुरु गर्ने ।' तर उन्मुक्ति पार्टी रेशम चौधरी रिहाको सर्त राखी सरकारको विरोध – बाँकी पृष्ठ २ मा

## स्थानीय तहका उम्मेदवारको जरिबाना माफी मिनाहा

स्थानीय तहको चुनावमा उम्मेदवार भएका तर, निर्वाचन सकिएको ६० दिनभित्र निर्वाचन खर्च विवरण नबुझाएका जनप्रतिनिधिहरुलाई निर्वाचन आयोगले जरिबाना रकम तोकेको थियो । त्यस्तो जरिबाना तिर्न पर्ने गरी राष्ट्रपतिबाट माफी मिनाहा भएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन ।

स्थानीय तहको चुनावमा उम्मेदवार भएका तर, निर्वाचन सकिएको ६० दिनभित्र निर्वाचन खर्च विवरण नबुझाएका जनप्रतिनिधिहरुलाई निर्वाचन आयोगले तोकेको जरिबाना रकम माफी मिनाहा भएको छ ।

त्यस्तो जरिबाना तिर्न नपर्ने गरी राष्ट्रपतिबाट माफी मिनाहा भएको हो । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले संविधानको धारा २७६ बमोजिम माफी मिनाहाको निर्णय गरेकी हुन् ।

३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएर खर्च विवरण नबुझाउने १ लाख २३ हजार ६५० जनालाई २४ अर्ब ६३ करोड ८८ लाख रुपैयाँ जरिबाना गर्ने निर्णय गरेको थियो ।

तर, मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले खर्च विवरण नबुझाउने उम्मेदवारहरुलाई निर्वाचन आयोगले तोकेको जरिबाना माफी मिनाहा गर्न सिफारिस गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार राष्ट्रपतिले माफी मिनाहा गरेकी हुन् ।

मध्यान्ह
www.madhyanhadaily.com
६ फागुन २०७९, शनिबार
18 February 2023, Saturday

# आज महाशिवरात्री पर्व

**काठमाडौं/मस-** महाशिवरात्री पर्व आज देशभरका शिवालयमा विधिपूर्वक पूजा, आराधना एवं दर्शन गरी मनाइँदै छ। प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्री पर्व आराध्यदेव भगवान् शिवको पूजा-आराधना गरी आज देशभर मनाउन लागिएको हो।

पर ब्रह्मले फागुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् प्रा.डा देवमणि भट्टराईले बताए।


वैदिक सनातन हिन्दु धर्मावलम्बीहरु आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्दछन्।

शिवजी उत्पत्ति हुनुभएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक पवित्र पर्वका रूपमा शिव पुराण लगायतका ग्रन्थमा उल्लेखित छ।

फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ।

माघ महिनामा महादेवको रुद्रत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवत्व (जगत्को कल्याण गर्ने तत्व)ले गर्दा फागुनमा पलाउन थाल्ने हुनाले शिवरात्रि मनाउने गरिएको हो भन्ने भनाइ छ।

व्रतमध्ये सर्वोत्तम कहलिएको



महाशिवरात्रीका दिन आज भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन्। यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ।

आजको दिन भगवान् महादेवलाई जाडो हुने जनविश्वासले प्रत्येक घर, चोक र मठ-मन्दिरमा दाउरा मागेर धुनी जगाई भजनकीर्तनका साथ सोही आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ।

### चार प्रहरमा चार प्रकारका पूजा

राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा रहेको यो दिन आज पशुपतिनाथमा रातको चार प्रहरमा चार प्रकारका पूजाका अतिरिक्त महादीप, अखण्डदीप, लक्ष्यबत्ती तथा दीपोत्सवका साथै लाख बेलपत्र अर्पण गरिन्छ। कैलाशकुट र किराँतेश्वरका संगीत आश्रममा शास्त्रीय नाचगान गरिन्छ। भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला भर्न आज देशभरका विभिन्न भागलगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्छ।

यसैबीच पशुपति क्षेत्रमा मेला भर्न आउने भक्तजनहरूको सुविधाका लागि यसवर्ष विशेष प्रबन्ध मिलाइएको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा.मिलनकुमार थापाले बताए। पाँच वर्ष अघिदेखि नै पशुपतिमा गाँजा, भाङ, धतुरो लगायत लागू पदार्थ निषेध गरिएको छ। यस वर्ष पनि त्यसलाई निरन्तरता दिइएको छ। यस्ता पदार्थ सेवन, बेचबिखन गरेको पाइएमा प्रहरीले समातेर कानूनी कारबाही गर्ने उनले बताए।

महाशिवरात्रीका अवसरमा शनिबार बिहान तीन बजेदेखि नै पशुपतिनाथका चार ढोका खोलिएको छ।

यस वर्ष १० लाख भन्दा बढी दर्शनार्थीले महाशिवरात्रीका दिनमात्र पशुपति दर्शन गर्न सक्ने गरी व्यवस्थापन गरिएको छ। यस वर्षको महाशिवरात्रीमा मन्दिर परिसर साजसजावटमा विशेष ध्यान दिइएको छ। पशुपति क्षेत्र वरपर झिलीमिली बनाइएको छ। विदेशबाट समेत फूलमाला ल्याएर मन्दिर सजावट गरिएको छ। यसवर्ष महाशिवरात्रीका अवसरमा पशुपतिमा दर्शनका लागि बाहिर तीन र भित्र पाँच वटा लाइनको व्यवस्था गरिएको कोषले जनाएको छ। मित्रपार्क तथा गौरीघाट भएर उमाकुण्ड-दक्षिणामूर्ति हुँदै रूद्रगाडेश्वर उत्तरढोका, जयवागेश्वरी-ईंटापाखा भएर भुवनेश्वरीस्थित फलामको सानो ढोका हुँदै पश्चिम ढोका, बत्तीसपुतली-गौशाला तथा एअरपोर्ट-तिलगङ्गा भएर पिङगलास्थान-सुमार्गी भवन हुँदै चार शिवालय-पञ्चदेवल दक्षिण ढोकाबाट एक/एक लाम गरी बाहिरी रुपमा दर्शन गर्ने व्यवस्था मिलाइएको प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिए।

यसैगरी तिलगंगा राममन्दिरतर्फसमेत आवश्यकता अनुसार एक लामको व्यवस्था गर्न सकिने गरी व्यवस्थापन मिलाउन लागिएको उनले बताए। नित्य दर्शनार्थीका लागि बिहान ७ बजे अगावै भुवनेश्वरीस्थित फलामको सानो ढोकाबाट प्रवेशको व्यवस्था मिलाइएको छ। जुन दर्शनमार्गबाट मन्दिर प्राङ्गण प्रवेश गरिन्छ सोहीमार्ग हुँदै मन्दिर प्राङगणबाट बाहिरिने व्यवस्था मिलाइएको छ।

दर्शन गर्न आउने दर्शनार्थीको सवारी पार्किङका लागि सिफल, तिलगंगा, गुह्येश्वरी पारि, कोषको कार्यालय, वनकाली लगायतका स्थानमा व्यवस्था मिलाइएको छ। आज पशुपतिनाथसँगै उपत्यकाका गोकर्णेश्र, डोलेश्वर लगायत शिव मन्दिरमा पनि भक्तजनको भीड लाग्छ। यसैगरी राजधानी बाहिरका शिव मन्दिरमा पनि धूमधामका साथ पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो लाग्ने गरेको छ।

मध्यान्ह दैनिकको २० औं वार्षिकोत्सव

# एघार विज्ञापन एजेन्सीलाई सम्मान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

मध्यान्ह दैनिकको २० औं वार्षिकोत्सवको अवसरमा विज्ञापन एजेन्सीहरुलाई सम्मानित गरिएको छ। शुक्रबार बत्तीस पुतलीस्थित अनुपम फुडल्याण्डमा आयोजित एक कार्यक्रमकाबीच गत वर्ष मध्यान्ह दैनिकसँग सबैभन्दा बढी कारोबार गरेका ११ वटा एजेन्सीहरुलाई सम्मानित गरिएको हो।



प्रमुख अतिथि नेपाल सरकार विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईँले सबैभन्दा बढी विज्ञापन कारोबार गर्ने बिहानी मिडिया कोहलपुर, बाँकेलाई विशेष सम्मानसहित प्रशंसापत्र वितरण गरे। यस्तै धेरै विज्ञापन कारोबार गर्ने १० विज्ञापन एजेन्सीहरु युग पब्लिकेशन विराटनगर, स्मार्ट क्रियटिभ प्रा.लि.सूर्यविनायक, जोइन मिडिया हाउस प्रा.लि.अनामनगर, कान्तिपुर मिडिया सर्भिस विराटनगर, क्रियटिभ मिडिया प्रिन्ट प्रा.लि.पुतलीसडक, त्रिलक्ष्मी एड्भर्टाइजिङ सर्भिसेस प्रा.लि.टोखा, एक्सिलेन्ट एड्भर्टाइजिङ सर्भिस प्रा.लि. नागार्जुन, सुमी पब्लिकेशन प्रा.लि. ललितपुर, आर.आर. एड् मिडिया बुढानीलकण्ठ र अपि विज्ञापन एजेन्सी, महेन्द्रनगर कञ्चनपुरलाई पनि प्रशंसापत्र वितरण गरिएको छ।

मध्यान्ह दैनिकका प्रकाशक सितादेवी श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्दै सम्पादक मदनकुमार श्रेष्ठले २०५९ माघ २ गतेदेखि प्रकाशन शुभारम्भ गरेको मध्यान्ह दैनिकले गौरवमय २० औं वर्ष पूरा गर्न सफल भएकोमा खुशी व्यक्त गरे। उनले मध्यान्ह दैनिकको गौरवमय यात्रामा विज्ञापन एजेन्सीहरुले प्रदान गरेको साथ र सहयोगप्रति आभार व्यक्त गरे। आगामी दिनमा मध्यान्ह दैनिकलाई थप परिस्कृत बनाउँदै लैजाने पनि सम्पादक श्रेष्ठले बताए।

प्रमुख अतिथि तथा विज्ञापन बोर्डका अध्यक्ष हुमागाईंले कोरोना संक्रमण, युक्रेन-रुस युद्ध लगायतका विभिन्न कारण विश्वव्यापीरुपमा छाएको आर्थिक मन्दीले मिडिया क्षेत्र सबैभन्दा बढी प्रभावित भएको बताए। नेपाली मिडिया पनि त्यसबाट अछुतो रहन नसकेको उनको भनाइ थियो। यस्तो विषम अवस्थामा नेपालका मिडिया र विज्ञापन एजेन्सीहरुलाई बचाउन बोर्डले आवश्यक नीतिनिर्माणसहितका योजनाहरु बनाइरहेको हुमागाईंले जानकारी गराए। त्यसका लागि उनले विज्ञापन एजेन्सी, सञ्चार गृह र बोर्डबीच समन्वयको आवश्यकतामा जोड दिए।

**साउदीमा रोजगार**

कम्पनी: BAITEK WAIN MAINTENANCE EST.
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७९/११/०५   चलानी नं.: ६०१९६७६१   LT. No.: 281347

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Cleaner | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन १३ गते (25 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

# सुरक्षा चुनौती बढ्दै गयो: प्रधानसेनापति

**काठमाडौं/मस-** प्रधानसेनापति प्रभुराम शर्माले पछिल्लो समय सुरक्षा चुनौती बढ्दै गएको बताएका छन्। महाशिवरात्री तथा नेपाली सेना स्थापनाको २६० औं वर्षिकोत्सवको उपलक्ष्यमा शुक्रबार सम्बोधन गर्दै उनले दिनदिनै सुरक्षा चुनौती बढ्दै गएको बताए।

नेपाली सेनाका सकल दर्जालाई सम्बोधन गर्ने क्रममा प्रधानसेनापति शर्माले आजभन्दा भोलि सुरक्षा चुनौती झन्-झन् संवेदनशील र पेचिलो बन्दै गइरहेकाले आइपर्न सक्ने जस्तोसुकै परिस्थितिको कुशलतापूर्वक सामना गर्न सकलदर्जाले पेशागत ज्ञान, सीप र बन्दोवस्ती क्षमतालाई अझ विशिष्टिकृत र दुरुस्त बनाइराख्नु आजको आवश्यकता रहेको बताए।

मित्रराष्ट्रका सेनाहरुसँगको सम्बन्ध थप सुदृढ गर्दै सहयोगका क्षेत्रहरु विस्तार गरी क्षमता अभिवृद्धि तथा दिगो सैनिक कूटनीतिअनुरुप अगाडि बढ्दै गएकोसमेत शर्माले सम्बोधनका क्रममा बताए। विपद व्यवस्थापन र उद्दारजस्ता कार्यमा क्षमता र हौसलाका साथ हरहमेसा तयारी अवस्थामा रहनु पर्ने प्रधानसेनापति शर्माले बताए। नेपाली सेनाले राष्ट्र र जनताप्रति देखाएको सेवाभाव, निस्वार्थपन, गैरराजनीतिक चरित्र, व्यवसायिकता, अनुशासन र कर्तव्यपरायणता जस्ता मूल्य-मान्यतालाई कायम राख्दै दिइएको जिम्मेवारी प्रभावकारी ढंगबाट निर्वाह गर्न उनले निर्देशन दिए। प्रधान सेनापतिले अस्वाभाविक व्यक्तिगत महत्वाकांक्षा तथा स्वार्थपूर्तिका लागि संस्थाको गरिमामा आँच पुऱ्याउने कार्य सोच्ने वा गर्ने छुट कसैलाई नभएको बताए। वि.सं. १८१९ मा नेपाली सेनामा ५ वटा कम्पनीहरु स्थायी रुपमा खडा भएको थियो। त्यही वर्षलाई आधुनिक नेपाली सेना स्थापनाको सुरुवाती वर्षका रुपमा लिँदै यस पटकको महाशिवरात्रीका दिन आज २६० औं सेना दिवस मनाइँदैछ।

### भित्र...

सत्ता गठबन्धन अलमलमा परेको छ भने सरकारले पूर्णता पाउन सकिरहेको छैन।

यो बीचमा राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएको छ। राप्रपाका नेताहरु प्रधानमन्त्रीसँग असन्तुष्ट छन्। जनता समाजवादी पार्टी (जसपा) सरकारमै सहभागी भएको छैन भने नागरिक उन्मुक्ति पार्टीले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत कायमै राखेपनि सुदूरपश्चिम प्रदेशमा एमाले नेतृत्वको सरकार ढलिसकेको छ। तर प्रधानमन्त्री प्रचण्डले भने गठबन्धनमा कुनै समस्या नआउने बताउन छोडेका छैनन्।

### बोलीमा...

गरिरहँदा जनमत पार्टीले आफ्नो धारणा बाहिर ल्याएको छैन।

रेशम चौधरी रिहा हुनुपर्छ भने पक्षमा जनमत पार्टी रहेको छ। संसदमा पार्टीका अध्यक्ष सिके राउतले रेशमबारे आवाज उठाएका छन्। तर उन्मुक्ति पार्टीले अहिले गरिरहेको संघर्षमा साथ दिएको छैन।

उन्मुक्ति पार्टीका एक नेता भन्छन् 'हामी सरकार बाहिर छौं, जनमत पार्टी सरकारमा छ। त्यही मात्र एउटा फरक छ, अरू कुरा समान छ।' जनमत पार्टी सरकारमा रहेको विषयप्रति आफूहरुको कुनै आपत्ति नरहेको उनले बताए। उनले कार्यगत एकताका लागि सहमति भएपछि कुनै औपचारिक छलफल वा सहकार्य नभएको बताए।

उनले हेडक्वाटर (डिल्लीबजार कारागार) मा अनौपचारिक छलफल भएको आफूलाई जानकारी नभएको भन्दै पार्टीगत हिसाबले कुनै छलफल नभएको बताए। छलफल गर्न अहिले कुनै आवश्यकता पनि नभएको भन्दै उनले राष्ट्रपतिको चुनावसम्मा संयुक्त छलफल गर्ने बताए।

जनमत पार्टीका नेताले पनि सहकार्यका लागि तत्कालै छलफल गर्ने कुनै अवस्था नरहेको कारण औपचारिक छलफल नभएको बताए।

'सहमति अनुसार हामी मोर्चामा नै छौं, कार्यगत एकता गर्ने भएको सहमति अनुसार नै अगाडि बढ्छौं। तर अहिले त्यस्तो कुनै अवस्था आएको छैन', उनले भने, 'रेशम चौधरी र अरुण चौधरीको रिहाको माग गर्दै उन्मुक्ति पार्टी सरकार बाहिर छ, त्यसमा मात्र हाम्रो सहकार्य भएको छैन, परिस्थितिले त्यस्तो हुन दिएन आउने दिनमा त्यस्तो परिस्थिति पनि आउनसक्छ।'

नेताहरु राष्ट्रपतिको विषयमा जनमत पार्टी र उन्मुक्ति पार्टीको एउटै धारणा आउन सक्ने बताउँछन्। कार्यगत एकताको निर्णय गरेपछि त्यस अनुसार औपचारिक छलफलको लागि समेत माहोल बनाउन नसक्दा आशंका बढेको उनीहरुकै स्वीकारोक्ति छ।

### यूएईको ...

लिँदैन, कतिपय अवस्थामा राइडर ट्राफिक पेनाल्टीमा पर्छन् र तलब तोकेअनुसारको हुँदैन, कामदारको यो सबै कमजोरी विभागले बुझ्दैन। जे भएपनि कामदार फर्काउने जिम्मेवारी म्यानपावर कम्पनीले लिनुपर्छ।'

व्यवसायी राईले बाइक राइडरको भिसामा कामदार नपठाउन व्यवसायीहरूलाई सल्लाह दिए। उनले भने, 'सबैले लाइसेन्स पास गर्न सक्दैनन्, लाइसेन्स पाउनले पनि काम गर्न सक्दैनन्, त्यसैले राइडरमा पठाउनु समस्यालाई निम्तो दिनु बराबर हुन्छ।'

संघका सचिव कटुवालले पनि करार अगाडि कामदार फिर्ता गर्दा भिसा शुल्क म्यानपावर कम्पनीले तिर्न बाध्य हुने, नतिरे विभागले काम रोक्ने र काम राकिएपछि अन्य कम्पनीमा पनि कामदार पठाउन नपाउने तथा रोजगारदाता कम्पनीसँग सम्बन्ध बिग्रिने भएकाले व्यवसायी सचेत हुनु नै अहिलेको अवस्थामा बुद्धिमानी हुने बताए।

**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लेटाङ, मोरङ**
**प्रदेश नं. १, नेपाल**

**जग्गा प्राप्ती सम्बन्धी सार्वजनीक सूचना**

**सूचना प्रकाशन मितिः२०७९/११/०६**

प्रस्तुत विषयमा यस लेटाङ नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/११/०४ गतेको निर्णय बमोजिम साविक लेटाङ गा.वि.स वडा नं २ङ कित्ता नं ६७७ को दुई कठ्ठा सत्र धुर(०-२-१७) फिल्डबुकमा साझा संस्था लिमिटेडको नाम उल्लेख भएको जग्गाको सम्बन्धमा मालपोत कार्यालय बेलबारी र प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय इनरूवामा पत्राचार गरी स्वामित्व प्राप्त निकायको खोजी गर्दा दुवै निकायमा कसैको स्वामित्व नरहेको साथै हाल लेटाङ नगरपालिका वडा नं ३ मा पर्ने सो जग्गा सार्वजनिक प्रकृतिको भएकोले सार्वजनिक जग्गाको खोजी संरक्षण तथा उपयोगको दायित्व नगरपालिकाको हुँदा सो जग्गामा कसैको हक दावी विरोध भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन सबैमा जानकारीका लागि अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Kerabari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Kerabari, Morang**
**Province No. 1, Nepal**

**Invitation for Bids**

**Date of Publication: 2079-11-06**

1. **Kerabari Rural Municipality** invites electronic bids from eligible bidders for the following work under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures. Bidding is open to all eligible as per Section V of bidding document.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** NIC Asia Bank Ltd. **Name of Office:** Kerabari Rural Municipality **Office Code No. :**801011312
   **Office Account No:** 0562056501423002 Rajaswa (revenue) **Shirshak No.:** 14229
5. Pre-bid meeting shall be held at Office of Kerabari Rural Municipality at 1:00 PM on 25th Falgun 2079 B.S.
6. Electronic bids must be submit through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 6th Chaitra 2079 B.S. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 6th Chaitra 2079 B.S. at the office of Kerabari Rural Municipality.

| Contract ID | Contract Name | Minimum Average Annual Turnover Excluding VAT of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature Excluding VAT | Bid Security Upto 1st Srawan 2080 B.S. | Bid Document Fee |
|---|---|---|---|---|---|
| KRMC/MOR/W /NCB-13(079/080 | Asphalt concreting and Maintenance of Kerabari Bazar road at ward-08 & 10 | NRs. 5,90,28,000.00 | 2 Project Each NRs. 2,09,80,000.00 | NRs. 7,80,000.00 | NRs. 5,000.00 |

**Chief Administrative Officer**

संघीयतापछि कर्णाली प्रदेश

# छ सय बढी भ्रष्टाचारका मुद्दा

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ५ फागुन




संघीयता कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय सरकारविरुद्ध भ्रष्टाचार अनियमितताका उजुरी पनि बढ्दै गएका छन् । विकासको गतिसँगै संघीयतापछि भ्रष्टाचारको गति पनि रफ्तारमा बढेको तथ्यांकले देखाउँछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले दिएको जानकारी अनुसार साउन मसान्तदेखि माघ २५ गतेसम्ममा कर्णालीमा ६ सय ९१ वटा मुद्दा दर्ता भएका छन् । जसमध्ये आयोगले २ सय ७१ वटा उजुरी फछ्र्यौट गरेको छ भने ४ सय २० वटा मुद्दा अख्तियारमै थन्किएका छन् । गत आर्थिक वर्षमा आयोगको कार्यालय सुर्खेतमा ५ सय ४२ मुद्दा दर्ता भएकोमा यस चालु आर्थिक वर्षको माघ २५ गतेसम्ममा ६ सय ९१ मुद्दा दर्ता भएका छन् । गत वर्ष र यस चालु आर्थिक वर्षको गरी आयोगको कार्यालय सुर्खेतमा एक हजार २ सय ३३ वटा मुद्दा दर्ता भएको तथ्यांककमा उल्लेख गरिएको छ । यी मध्ये ३ सय २१ वटा उजुरीको अन्तिम किनारा लागेको छ भने ९ सय १२ वटा मुद्दा अनुसन्धानको क्रममा रहेको छ । अख्तियार आयोगको कार्यालय सुर्खेतले कर्णाली प्रदेशका १० जिल्लासहित लुम्बनी प्रदेशको पूर्वीरुकुम जिल्ला हेर्ने गरेको छ । गत आर्थिक वर्ष र यस चालु आर्थिक वर्षमा अख्तियारमा परेका उजुरीमध्ये सबैभन्दा धेरै सुर्खेतबाट २ सय ४० र सबैभन्दा कम पूर्वीरुकुममा १० वटा रहेका पाइएको छ ।

यस्तै जाजरकोटका १ सय ९ दैलेखका २ सय ६, मुगुका १ सय ४६, कालिकोटका १ सय ३४, र हुम्लाका ९७ वटा उजुरी परेका छन् । यस्तै, जुम्लाका ९३, सल्यान रुकुम पश्चिमका समान ६८ र डोल्पाका ६२ वटा उजुरी परेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतका प्रमुख शिवनाथ पौडेल जानकारी दिए । दैनिक उजुरीका चाङ लाग्दै जाने र आयोगमा जनशक्ति अभावसँगै उजुरीकर्ताले आवश्यक कागजात समयमै उपलब्ध नगराउने र भौगोलिक विकटताका कारण उजुरी छानविनमा समय लाग्ने गरेको अख्तियारले जनाएको छ ।

**कुन स्थानीय तहमा कति ?**

आयोगको कार्यालय सुर्खेतले चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्म अर्थात माघ २५ गतेसम्म कर्णालीका ७९ पालिका मध्ये ७२ वटा पालिकामा चार सय ८१ वटा उजुरी उपर छानविन गरिरहेको छ । यो तथ्यांकले कर्णालीका स्थानीय सरकारहरु चरम बेतिथीमा छन् भन्ने तथ्य थाहा पाउन सकिन्छ ।

# चन्द्र भण्डारीको पहिलो शल्यक्रिया सफल



**काठमाडौं/मस–** ग्यास सिलिण्डर विस्फोट हुँदा घाइते भएका नेपाली कांग्रेसका नेता एवं प्रतिनिधि सभा सदस्य डा. चन्द्र भण्डारीको पहिलो शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएको छ । नेता भण्डारीको थप उपचार बिहीबारदेखि भारतको मुम्बईस्थित नेशनल बर्न सेन्टरमा भइरहेको छ ।

मुख्य सर्जन डा. सुनिल केसवानीको भनाइअनुसार नेता भण्डारीको दायाँ खुट्टामा 'डिप इन्जुरी' रहेका कारण सोचेभन्दा धेरै समय शल्यक्रियामा लागेको, तर खुट्टा सामान्य रहेको छ । दुवै खट्टाको शल्यक्रिया सम्पन्न भएको र दोस्रो शल्यक्रिया गर्ने वा नगर्ने 'अब्जर्वेसन'पछि मात्र निर्णय कांग्रेस नेता योगराज कँडेलले जानकारी दिए । बुधबार राति आफ्नो निवासमा ग्याँस सिलिन्डर विस्फोट हुँदा सांसद डा. भण्डारी सहित उनकी आमा हरिकला भण्डारी घाइते भएका थिए । आमा हरिकलाको भने उपचारका क्रममा कीर्तिपुर बर्न अस्पतालमा बिहीबार बिहान निधन भएको थियो । नेता भण्डारीको दुवै हात र दुवै गोडा गरी २५-३० प्रतिशत जलन भएको थियो ।

उनको यसअघि कीर्तिपुरस्थित कीर्तिपुर बर्न अस्पतालमा उपचार गरिएको थियो । नेता डा. भण्डारीलाई नेपालमा यथोचित उपचार सम्भव नभएपछि बिहीबार नै श्रीएयरलाइन्सको विमानमार्फत भारतको मुम्बईस्थित नेशनल बर्न सेन्टरमा थप उपचारका लागि लगिएको थियो ।

## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**१ नं. प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/११/०६**

यस फेदाप गाउँपालिका अन्तर्गत फेदाप ४ सम्दुमा केराबारी झोलुङ्गे पुल निर्माणमा प्रयोग हुने लागत अनुमानमा समावेश भएका stell parts and Fixtures शिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकाले तपसिलमा उल्लेख भएका शर्तको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. दरभाउपत्र फारम बापत रु १०००/-(एक हजार) मात्र फिर्ता नहुने गरी यस कार्यालयको नाममा नविल बैंक लिमिटेड फेदाप शाखामा रहेको आन्तरिक राजश्व खाता नं. 23201017500039 मा जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखामा रसिद काटि तथा ईजाजत प्राप्त फर्म, सप्लायर्स, कम्पनी व संस्थाले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र (आ.व. २०७९/८० सम्मको नविकरण गरिएको), स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र लगायतका कागजातहरुको प्रतिलीपि पेश गरे पछि दरभाउपत्रको हकमा २०७९/१०/२० सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र मिति २०७९/११/२१ गते १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएका दरभारउपत्र सोही दिन दिनको २:०० बजे यसै कार्यालयमा प्रतिनिधि दरभाउपत्र दाताको रोहवरमा खोलिनेछ तर उक्त समयमा दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. दरभाउपत्र पेश गर्दा तपसिल अनुसारको रकम यस कार्यालयको नबिल बैंक लिमिटेड फेदाप शाखामा रहेको धरौटी खाता नं. 23201017500025 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्याता प्राप्त 'क' वर्गक  वाणिज्य बैंकबाट जारी गरिएको ७५ दिन सम्म मान्य हुने अवधिको सक्कलै बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

४. दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नभएको भनी लिखित रुपमा गरेको घोषणा पत्र दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

५. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने घटि वा बढि अंकवालालाई दिने वा नदिने सो सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. दरभाउपत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयबाट खरिद भएको फारममा नै भरिएको, कुनै थपघट वा द्रष्यष्ट नलेखेको हुनुपर्ने छ ।

७. समायमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरित भएको दरभाउपत्र माथी कुनै कारबाही हुनेछैन ।

८. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्रोसँग बुझी भरेको मानिने छ ।

९. दरभाउपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा दररेट फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईने छ ।

१०. दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सोही समयमा उक्त कार्यहरु हुनेछ ।

११. दरभाउपत्र पेश गर्दा फेदाप गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

१२. दरभाउपत्रमा दररेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नुपर्ने छ ।

१३. दराभाउपत्रमा कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउपत्र दाताको दराभाउपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न निकायमा सिफारिस गरिनेछ ।

१४. नियमानुसार नेपाल सरकार तथा अन्य निकायमा लाग्ने कर दस्तुर आदि सम्पूर्ण दरभाउपत्र दाता स्वयं बेहोर्नुपर्ने छ ।

१५. एक फर्मको नाममा दरिद भएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईन छैन ।

१६. यस सूचनामा लेखिएका शर्त यसै बमोजिम र अन्य शर्तहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवं नेपाल सरकारको प्रचलित कानून अनुसार हुने छ ।

| क्र.सं. | ठेक्का नम्बर | बिवरण | लागत अनुमान मु.अ.कर सहित | बैंक ग्यारेन्टी |
|---|---|---|---|---|
| १ | 4/079/080 | झोलुङ्गे पुलको Stell parts खरिद कार्य | रु. १७,३७,८७२।५५ | रु. ५०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत


## Cyprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी: ANOST EMPLOYMENT SERVICE LTD., Ayia Napa, Cyprus
पूर्व स्वीकृती मिति २०७९।१०।१९ चलानी नं. ६०१९६७९६ LT.No. 280444

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker(Female) | - | 20 | काममा दक्ष | 314 | ४४,२८७।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता मिति फाल्गुन १३ गते (25 February, 2023) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ ।

Om Shree Mahashakti Employment Pvt. Ltd.
Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM,Phone:- +977-1-4357662
Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com

## UAE मा SECURITY GUARD हरुलाई रोजगार

Company : P G S General Security Guard Services L.L.C.
पुन: विज्ञापन । पूर्व स्वीकृत मिति: २०७९/०३/१६ चलानी नं.: ६०१८२२४८ LT No.: 266256

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 15 | 0 | काममा दक्ष | 1500 | ५४,२६३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

उमेर : 21 देखि 40 बर्ष, उचाई : 5.6 भन्दा माथि, अंग्रेजी बोल्न, लेख्न, पढ्न सक्ने र x- Army/Police हरुलाई विशेष प्राथमिकता दिईनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- |

अन्तरवार्ता २०७९ फागुन १३ गते (25 Feb., 2023) यस प्रा. लि. को कार्यलय बसुन्धारा, काठमाडौमा हुनेछ ।

SAB International Human Resource Pvt. Ltd.
Gov. Lic. No.: 984/067/068
Basundhara , Kathmandu, Nepal, Tel. No. : 01- 4016509, 4016503
Mobile No.: 9818258132, 9816138559, 9818354280

## कतारमा रोजगार

१. कम्पनी: Turnkey Trading & Contracting शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/११/०५ चलानी नं.: ६०१९६७९३ LT. No.: 281276

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforce Fitter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 1 | 0 | | 1000 | ३६,१४० | | | | | | | |
| 3. | Cabling Tech. | 1 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 4. | Ceramic Worker | 2 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १३ गते ( 25 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

## मलेसियामा रोजगार

कम्पनी : CLASS A SECURITY SDN BHD शहर : Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०८/२७ चलानी नं.: ६०१९३२६१ LT. No.: 276954 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FORCE ONE PROTECTION (M) SDN BHD शहर : Pulau Pinang
पूर्व स्वीकृत मिति: २०७९/०८/२८ चलानी नं.: ६०१९३३१८ LT. No.: 277769 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १३ गते (25 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Nepal Placement Agency Pvt. Ltd.
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851315903
Email: info@npajobs.com, Web.: www.npajobs.com
श्रम इजाजत नं.: ३९०/०५९/०६०

## मलेसियामा रोजगारको अवसर

कम्पनी : KALIBER SECURITY SERVICES SDN. BHD. शहर: Negeri Sembilan
पूर्व स्वीकृत मिति: २०७९/११/०५ चलानी नं.: ६०१८०३६९ LT. No.: 264288 पुन : विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १३ गते (25 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Dream Recruiting Service Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ११५४/०७३/०७४
Kathmandu-32, Tel.: 5147124, 9846984960/9801033135
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com

## SAUDI मा रोजगार

१. कम्पनी : AL RAWAF CO FOR TRADING & CONTRACTING शहर : KSA
पूर्व स्वीकृत मिति: २०७९/०९/१२ चलानी नं.: ६०१९३८८२ LT. No.: 278337 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 29 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Worker | 37 | 0 | | 1000 | ३५,२१० | | | | | | | |
| 3. | Loading Unloading Labour | 34 | 0 | | 1000 | ३५,२१० | | | | | | | |

२. कम्पनी : Al Rawaf Co. for Trading & Contracting शहर : Al Qassim
पूर्व स्वीकृत मिति: २०७९/०९/१२ चलानी नं.: ६०१९३८८३ LT. No.: 278338 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Mohammed Al-Ojaimi Contracting Est. शहर : Dammam
पूर्व स्वीकृत मिति: २०७९/०९/१२ चलानी नं.: ६०१९३८८४ LT. No.: 277977 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन १३ गते (25 Falgun 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं.१ र २: रु. १०,०००।- क.नं. ३ : निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Rays Recruitment Pvt. Ltd.
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

## विचार

# ढलेको अर्को योद्धा



■ इन्द्रकुमार श्रेष्ठ 'सरित'

साँझपख विराटनगरबाट आएको बसबाट प्रतीक इटहरीमा ओर्लंदा बस स्टयाण्डमा मान्छेहरूको भीड देखेर ऊ पनि त्यसतर्फ दृष्टि दौडियो । हेर्दा भलाद्मी नै देखिने करिब ३५/३६ वर्षको एउटा व्यक्ति मद्यपानले लट्ठ भएर रमिताको पात्र बनिरहेको रहेछ । प्रतीकले त्यहाँबाट आफूलाई घरतिर डोऱ्यायो । तैपनि त्यस व्यक्तिको अनुहार र उपस्थितिले उसको मनलाई उद्वेलित बनाइरहेको थियो । कताकता उसको मन र मस्तिष्कलाई अतीतको पिङमा लगेर झुलाइरहेको थियो । हो त नि ! प्रतीकले आफैसँग भन्यो- धत् ! म पनि कस्तो हुस्सु ! यो मान्छेको र ज्वालाको अनुहार कस्तो मिलेको । तर, उसको मनले खुसुक्क दृढतापूर्वक भन्यो- तर, यो मतुवा मान्छे ज्वाला चाहिँ पक्कै होइन । किनभने कुनै समयमा ज्वाला भन्नु नै इमानदारी, साहस, सच्चरित्रता र स्वाभिमानको प्रतीक थियो । त्यसैले ज्वाला र यस्तो मतुवाबीच पनि के सामञ्जस्य खोज्नु ?

बुढीखोला काटेर प्रतीक घर पुग्यो । श्रीमतीले दिएको भात यन्त्रवत् खाएर ऊ ओछ्यानमा पल्ट्यो । तैपनि इटहरी चोकको मातेको मान्छेको अनुहारले प्रतीकको मस्तिष्कलाई पछ्याउन छाडेन । फलस्वरूप उसको स्मृतिको रङ्गमञ्चमा आजभन्दा करिब १५ वर्ष अगाडिका दृश्यहरूको मञ्चन हुन थाल्यो ।

